# स्थानीय प्रशासन ऐन, २०२८

*(मिति २०७५ साल चैत मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)*

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

# स्थानीय प्रशासन ऐन, २०२८

| | | |
|---|---|---|
| | | लालमोहर र प्रकाशन मिति |
| | | २०२८।४।२० |
| संशोधन गर्ने ऐन | | |
| १. | न्याय प्रशासन सुधार ऐन, २०३१ | २०३१।४।१८ |
| २. | कालो बजार तथा केही अन्य सामाजिक अपराध र सजाय ऐन, २०३२ | २०३२।५।२० |
| ३. | स्थानीय प्रशासन (पहिलो संशोधन) ऐन, २०३३ | २०३३।४।२८ |
| ४. | स्थानीय प्रशासन (दोस्रो संशोधन) ऐन, २०३७ | २०३७।६।२ |
| ५. | वाक् तथा प्रकाशन स्वतन्त्रता ऐन, २०३७ | २०३७।४।२९ |
| ६. | केही नेपाल ऐन (संशोधन) ऐन, २०४१ | २०४१।७।२७ |
| ७. | न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ | २०४३।७।२४ |
| ८. | केही नेपाल ऐन (संशोधन) ऐन, २०४३ | २०४३।७।२४ |
| ९. | न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |
| १०. | स्थानीय प्रशासन (तेस्रो संशोधन) ऐन, २०४८ | २०४८।२।२१ |
| ११. | स्थानीय प्रशासन (चौथो संशोधन) ऐन, २०५८ | २०५८।५।६ |
| | | प्रमाणीकरण र प्रकाशन मिति |
| १२ | केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३ | २०६३।४।२३ |
| १३. | केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ | २०६३।६।२८ |
| १४. | केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ | २०६४।५।९ |
| १५. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◎ | २०६६।१०।७ |
| १६. | केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| १७. | केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४♣ | २०७४।६।३० |
| १८. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |

२०२८ सालको ऐन नं. २

✂..............

स्थानीय प्रशासन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

◎ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।
♣ यो ऐन सम्वत् २०७५ साल भदौ १ गतेदेखि लागू भएको ।
✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

प्रस्तावना : स्थानीय प्रशासन सम्बन्धी कानूनलाई ⊕संघीय व्यवस्था अनुरुप संशोधन र एकीकरण गर्न ❐तथा शान्ति र व्यवस्था कायम राख्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाईबक्सेकोछ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "स्थानीय प्रशासन ऐन, २०२८" रहेको छ ।

(२) यो ऐन नेपाल ✂........ भर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

⌧२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) ➔ ... ... ... ...

(क१) Σ................

(ख) "प्रमुख जिल्ला अधिकारी" भन्नाले नेपाल सरकारबाट नियुक्त प्रमुख जिल्ला अधिकारी सम्झनु पर्छ ।

λ(ख१) "मन्त्रालय" भन्नाले नेपाल सरकारको गृह मन्त्रालय सम्झनु पर्छ ।

☛(ग) "सभा" भन्नाले पच्चीस वा पच्चीस भन्दा बढी व्यक्तिहरु कुनै सार्वजनिक स्थलमा कुनै खास उद्देश्य पूरा गर्न संगठित वा असंगठित रुपमा जम्मा भएको समूह सम्झनु पर्छ ।

---

⊕ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

❐ दोस्रो संशोधनद्वारा थप ।

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

⌧ स्थानीय प्रशासन (पाँचौं संशोधन) अध्यादेश, २०६२ द्वारा संशोधन भई केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३ द्वारा स्वत: जागेको ।

➔ तेस्रो संशोधनद्वारा झिकिएको ।

Σ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा झिकिएको ।

λ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा थप ।

☛ केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा थप ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## [α]परिच्छेद-२

### Σ.......... जिल्ला विभाजन

३. Σ........ जिल्ला विभाजन : (१) नेपाल ✂........... लाई ⊕नेपालको संविधानको अनुसूची-४ मा उल्लेख भए बमोजिम Σ....... जिल्लाहरुमा विभाजन गरिएको छ ।

(२) प्रत्येक Σ....... जिल्लाको सिमाना र सदरमुकाम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ ।

(३) यस अघि कायम भैरहेको जिल्लाको सिमाना र सदरमुकाम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अन्यथा व्यवस्था नगरेसम्म साबिकै बमोजिम कायम रहनेछ ।

## परिच्छेद-३

### ⊠ Σ ........ जिल्ला प्रशासन

४. ✷.....................

४क. ϒ.....................

४ख. ϒ.....................

४ग. ϒ.....................

४घ. ϒ.....................

---

α चौंथो संशोधनद्वारा संशोधित ।

Σ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा झिकिएको ।

⊕ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

⊠ स्थानीय प्रशासन (पाँचौं संशोधन) अध्यादेश, २०६२ द्वारा संशोधन भई केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३ द्वारा स्वत: जागेको ।

✷ तेस्रो संशोधनद्वारा खारेज ।

ϒ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा खारेज ।

५. जिल्ला प्रशासन : [◙](१) जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्नको लागि प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहनेछ । नेपाल सरकारले सो कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रुपमा काम समेत गर्ने गरी प्रत्येक जिल्लामा एकजना प्रमुख जिल्ला अधिकारीको नियुक्ति गर्नेछ । प्रमुख जिल्ला अधिकारीले प्रचलित कानून, नेपाल सरकारको नीति, निर्देशन तथा [Σ]........ रेखदेखमा रही नेपाल सरकारको प्रतिनिधिको रुपमा काम गर्नेछ ।

(२) अदालत र रक्षा सम्बन्धी कार्यालयहरु [➔].......... बाहेक नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको जिल्ला स्तरका कार्यालयहरु जिल्ला प्रशासन कार्यालयको शाखाका रुपमा रहने छन् ।

(३) उपदफा (२) बमोजिम जिल्ला प्रशासन कार्यालयको शाखाको रुपमा रहेको जिल्लास्तरका कार्यालय वा सोही कार्यालयका अधिकृतले प्रयोग गर्न पाउने गरी प्रचलित नेपाल कानून बमोजिम तोकिएको अधिकार वा कुनै न्यायिक वा अर्धन्यायिक अधिकारको प्रयोगका हकमा प्रमुख जिल्ला अधिकारीको कुनै नियन्त्रण रहने छैन ।

(४) उपदफा (२) बमोजिम जिल्ला प्रशासन कार्यालयको शाखाको रुपमा रहेका जिल्लास्तरका कार्यालयहरु माथि रेखदेख, नियन्त्रण र निर्देशन दिने सम्बन्धमा [✂]प्रमुख जिल्ला अधिकारी वा अन्य अधिकारीको अधिकार र कर्तव्य यस ऐन अन्तर्गत बनेको नियमद्वारा व्यवस्थित हुनेछ ।

(५) प्रमुख जिल्ला अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) जिल्लामा शान्ति, व्यवस्था र सुरक्षा कायम राख्ने,

[▶](ख) जिल्लाभित्र नेपाल सरकार, [}]................ नगरपालिका वा [f]गाउँपालिकाले सञ्चालन गरेका विकास कार्यहरुमा सहयोग पुऱ्याउनेछ ।

(ग) जिल्लाभित्र रहेको नेपाल सरकारको सबै सम्पत्तिको रेखदेख, सम्भार तथा मर्मत गर्ने, गराउने,

---

◙ केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ द्वारा संशोधित ।
Σ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा झिकिएको ।
➔ तेस्रो संशोधनद्वारा झिकिएको ।
✂ दोस्रो संशोधनद्वारा संशोधित ।
▶ तेस्रो संशोधनद्वारा संशोधित ।
} केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा झिकिएको ।
f केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(घ) ➔... ... ...

(ङ) ▶नेपाल सरकारले समय समयमा दिएका आदेश वा निर्देशन अनुसार अन्य काम कारबाही गर्ने ।

(६) ✂............

६. शान्ति सुरक्षा कायम गर्ने : (१) ➔... ... ... प्रमुख जिल्ला अधिकारीले कुनै हिंसात्मक काम कारबाही हुने वा हुलदङ्गा हुने आशङ्का भएको कार्यलाई रोक्न देहाय बमोजिम गर्नु पर्दछ :-

(क) कुनै सभा जुलुस वा भीडले हिंसात्मक वा ध्वंसात्मक प्रवृत्ति लिई त्यस्को कुनै काम कारबाईबाट शान्ति भङ्ग हुने सम्भावना देखिएमा प्रहरीद्वारा रोक्न लगाउने र प्रहरीले नियन्त्रण गर्न नसकेकोमा सम्बन्धित ठाउँमा तुरुन्तै आफै गई वा आफू मातहतका अधिकृतलाई पठाई सकेसम्म सम्झाई शान्ति कायम गराउने र नसकेमा प्रहरीको मद्दतले लाठी चार्ज, अश्रुग्यास, फोहरा र हवाई फायर समेत आवश्यकता र परिस्थिति अनुसार जो गर्नु पर्ने बल प्रयोग गरी शान्ति कायम गर्ने गराउने,

(ख) खण्ड (क) अनुसार शान्ति कायम गर्न नसकिने देखिएमा र गोली चलाउनु पर्ने आवश्यकता परेमा सो गर्नु भन्दा अगाडि भीडलाई हट्दैनौ भने गोली चलाइनेछ भनी स्पष्टसँग सो भीडले बुझ्ने गरी चेतावनी दिने र त्यति गर्दा पनि भीड हटेन र गोली चलाउनु पर्ने नै भयो भने घुडा मुनि पारी गोली चलाउनको निमित्त आदेश लेखी सही गरी दिने,

(ग) ✂... ... ...

(घ) ⏭.......... जिल्लामा शान्ति सुरक्षा कायम गर्न समयले भ्याएसम्म लिखित र नभ्याएमा मात्र मौखिक आदेश आवश्यकतानुसार प्रहरी अधिकृतलाई दिने र मौखिक आदेश दिएकोमा समय पाउनासाथ बढीमा चौबीस घण्टाभित्र सो आदेशलाई लिखित रुपमा समर्थन गर्ने,

---

➔ तेस्रो संशोधनद्वारा झिकिएको ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

✂ दोस्रो संशोधनद्वारा झिकिएको ।

⏭ पहिलो संशोधनद्वारा झिकिएको ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

📖(ङ) जिल्लामा शान्ति सुरक्षा कायम गर्ने कामको लागि जिल्ला प्रहरी कार्यालयले प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रही काम गर्नु पर्नेछ ।

❖(१क) उपदफा (१) बमोजिम शान्ति सुरक्षा कायम गर्ने सम्बन्धमा भए गरेका काम कारबाहीको जानकारी प्रमुख जिल्ला अधिकारीले ⊕मन्त्रालयलाई तुरुन्त दिनु पर्नेछ र सो सम्बन्धमा ⊕मन्त्रालयले दिएको निर्देशनको पालना गर्नु प्रमुख जिल्ला अधिकारीको कर्तव्य हुनेछ ।

α(२) आफ्नो अधिकार क्षेत्रभित्रको कुनै ठाउँमा गम्भीर अशान्ति भएको छ वा हुने सम्भावना छ र सो ठाउँमा भैरहेको अशान्ति रोक्न वा अशान्ति हुन नदिन अन्य प्रहरीको मद्दतबाट मात्र सम्भव छैन भन्ने प्रमुख जिल्ला अधिकारीलाई लागेमा यस सम्बन्धी कारण तथा आधार खुलाई निजले स्थानीय वा नजिकको सशस्त्र प्रहरी वा अवस्था अनुसार नेपाली सेनाको मद्दत माग्न सक्नेछ । त्यसरी सशस्त्र प्रहरी वा नेपाली सेनाको मद्दत मागेकोमा मन्त्रालयलाई चौबीस घण्टाभित्र सबैभन्दा छिटो साधनद्वारा त्यसको सूचना दिनु पर्नेछ ।

Σ(२क) ..........

(३) कसैले कुनै काम गर्न लाग्दा वा कही केही वस्तु रहँदा वा कसैले राख्दा हुलदङ्गा भई शान्ति सुरक्षा भङ्ग हुने वा कसैलाई बाधा विरोध पर्ने वा जनस्वास्थ्यलाई खराब असर पर्ने सम्भावना भएमा ⏭.......... प्रमुख जिल्ला अधिकारीले देहाय बमोजिमको आदेश दिन सक्नेछ र सो आदेश एक पटकमा दुई महीना भन्दा बढी अवधिको हुने छैन :-

(क) कसैलाई कुनै काम गर्न दिनबाट निषेध गर्ने,

(ख) कुनै वस्तु वा सम्पत्तिको मालिक वा व्यवस्थापक वा प्रमुखलाई सो वस्तु वा सम्पत्ति सो ठाउँबाट हटाउन आदेश दिने वा सो ठाउँमा कुनै काम गर्न निषेध गर्ने ।

---

📖 पहिलो संशोधनद्वारा थप ।

❖ चौथो संशोधनद्वारा थप ।

⊕ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

α चौथो संशोधनद्वारा संशोधित ।

Σ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा झिकिएको ।

⏭ पहिलो संशोधनद्वारा झिकिएको ।

*(३क) कुनै ठाउँमा हुलदङ्गा वा अशान्ति भएमा वा हुनसक्ने पर्याप्त आधार भएमा सो परिस्थितिलाई दृष्टिगत गरी प्रमुख जिल्ला अधिकारीले क्षेत्र र समय तोकी सो क्षेत्र र समयमा हुलदङ्गा वा अशान्ति गर्ने उद्देश्यले एकै ठाउँमा पाँचजना भन्दा बढी मानिस जम्मा हुन नपाउने गरी आदेश जारी गर्न सक्नेछ । त्यस्तो आदेश उल्लंघन गर्ने व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले पाँच सय रुपैयाँसम्म जरिबाना वा एक महीनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम ⏭........... प्रमुख जिल्ला अधिकारीले कसैलाई कुनै आदेश दिंदा सो दिनु पर्ने कारण लेखी सम्बन्धित व्यक्तिको नाममा सूचना पठाउनु पर्दछ । सम्बन्धित व्यक्ति फेला नपरेमा काम नरोकिने गरी प्रचलित नेपाल कानून बमोजिम सूचना टाँस गर्नु पर्दछ । त्यस्तो आदेश उल्लङ्घन गर्ने व्यक्तिलाई आदेश दिने अधिकृतले पटकै पिच्छे बढीमा पचास रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

✱(५) जिल्लाभित्र जग्गा जमिन, कुलो, पानी, साँध सिमानाबारे शान्तिभङ्ग हुन जाने जस्तो झगडा भएको वा हुन लागेको छ भन्ने थाहा हुन आएमा प्रमुख जिल्ला अधिकारीले सम्बन्धित पक्षहरुलाई यथाशीघ्र आफ्नो कार्यालयमा झिकाई बयान लिने र आवश्यकतानुसार सम्बन्धित सम्पत्ति रोक्का गरी तीन महीना देखि जस्को जिम्मामा छ उसैको वा ▶नगरपालिका वा *f*गाउँपालिका वा कुनै माथवर व्यक्तिको जिम्मामा सुम्पन लगाई चित्त नबुझ्ने पक्षलाई अदालतबाट हक वेहक छुट्याएर आउन आदेश दिन सक्नेछ ।

▣(६) उपदफा (३), (३क), (४) र (५) अन्तर्गत प्रमुख जिल्ला अधिकारीले गरेको आदेश वा सजाय उपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र सम्बन्धित *f*जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

α(७) प्रत्येक जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था गर्ने काममा सहयोग पुऱ्याउन देहाय बमोजिमको एक जिल्ला सुरक्षा समिति रहनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी - अध्यक्ष

(ख) नेपाली सेनाको स्थानीय प्रमुख - सदस्य

(ग) जिल्ला प्रहरी कार्यालयको प्रमुख - सदस्य

---

* केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ द्वारा थप ।
⏭ पहिलो संशोधनद्वारा झिकिएको ।
✱ पहिलो संशोधनद्वारा संशोधित ।
▶ तेस्रो संशोधनद्वारा संशोधित ।
*f* केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।
▣ केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ द्वारा संशोधित ।
α चौंथो संशोधनद्धारा संशोधित ।

(घ) सशस्त्र प्रहरी कार्यालयको स्थानीय प्रमुख - सदस्य

⌧(ङ) राष्ट्रिय अनुसन्धान विभागको जिल्ला स्थित कार्यालयको प्रमुख - ◙सदस्य

*(च) सहायक प्रमुख जिल्ला अधिकारी - सदस्य-सचिव

⌘(८)...................

(९) जिल्ला सुरक्षा समितिको बैठकमा प्रमुख जिल्ला अधिकारीले आवश्यकतानुसार जिल्ला स्थित अन्य कार्यालयका पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(१०) उपदफा (७) बमोजिमको समितिको बैठक आवश्यकतानुसार प्रमुख जिल्ला अधिकारीले बोलाउन सक्नेछ ।

❒६क. कर्फ्यू लगाउन सक्ने : (१) कुनै ठाउँमा आन्दोलन वा हुलदङ्गा भई शान्ति भङ्ग हुने जाने देखिएमा परिस्थितिको बिचार गरी आवश्यक भएमा ➔......... प्रमुख जिल्ला अधिकारीले त्यस्तो स्थानको सिमाना तोकी सो ठाउँमा कसैले आवत जावत गर्न, भेला हुन र तोकेको अरु कुनै काम गर्न नपाउने गरी कर्फ्यू लगाउन आदेश जारी गर्न सक्नेछ । त्यसरी कर्फ्यूको आदेश दिंदा ▶प्रमुख जिल्ला अधिकारीले सो आदेश, कर्फ्यू लाग्ने क्षेत्र र सो वरिपरिका क्षेत्रका सर्वसाधारण जनताको जानकारीको लागि प्रचार गर्नु पर्दछ ।

(२) उपदफा (१) बमोजिम आदेश जारी भएपछि निषेध गरिएको स्थान र समयभित्र ▶प्रमुख जिल्ला अधिकारीबाट गोप्य संकेत लिएको इजाजत प्राप्त व्यक्ति बाहेक अरु कसैले आवत जावत गर्न हुँदैन ।

(३) कर्फ्यूको आदेश उल्लङ्घन गर्ने व्यक्तिलाई प्रहरीले गिरफ्तार गर्नेछ र त्यसरी गिरफ्तार गरिएको व्यक्तिलाई तुरुन्त प्रहरीले ▶प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्नु पर्नेछ । त्यसरी गिरफ्तार गरिएका व्यक्तिलाई ▶प्रमुख जिल्ला अधिकारीले उपयुक्त सम्झेको संक्षिप्त कार्यविधि अपनाई एक महीनासम्म कैद वा एक हजार रुपैयाँसम्म जरिबाना वा दवै सजाय गर्न सक्नेछ र उक्त सजायको आदेश उपर उच्च अदालतमा पुनरावेदन लाग्नेछ ।

---

⌧ स्थानीय प्रशासन (पाँचौं संशोधन) अध्यादेश, २०६२ द्वारा संशोधन भई केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३ द्वारा स्वत: जागेको ।

◙ केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ द्वारा संशोधित ।

* केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ द्वारा थप ।

⌘ चौथो संशोधनद्वारा झिकिएको ।

❒ दोस्रो संशोधनद्वारा थप ।

➔ तेस्रो संशोधनद्वारा झिकिएको ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

(४) कर्फ्यूको आदेश दिंदा ▶प्रमुख जिल्ला अधिकारीले कर्फ्यूको स्थितिलाई नियन्त्रणमा राख्न कर्फ्यू तोड्ने व्यक्ति वा जमातलाई गोली चलाउन प्रहरीलाई आदेश समेत दिन सक्नेछ । त्यस्तो स्थिति प्रहरीले गोली चलाउनु भन्दा अगाडि कर्फ्यू तोड्ने व्यक्ति वा जमातलाई प्रहरीले परिस्थिति अनुसार लाठी चार्ज, अश्रुग्यास, फोहरा वा हवाई फायर गर्नु पर्नेछ र त्यति गर्दा पनि कर्फ्यू तोड्ने व्यक्ति वा जमात हटेन भने त्यस्तो व्यक्ति वा जमातलाई हट्दैनौ भने गोली चलाइनेछ भनी स्पष्टसँग बुझिने गरी चेतावनी दिनु पर्नेछ । त्यसरी चेतावनी दिंदा पनि कर्फ्यू तोड्ने व्यक्ति वा जमात हटेन भने प्रहरीले गोली चलाउन सक्नेछ ।

तर यस उपदफामा लेखिएको कुनै कुराले पनि ▶प्रमुख जिल्ला अधिकारीलाई हिंसात्मक प्रवृत्ति देखाई कर्फ्यू तोड्ने व्यक्ति वा जमातलाई देख्नेवित्तिकै गोली हान्ने आदेश दिन बाधा पुऱ्याएको मानिने छैन ।

(५) ➔……… प्रमुख जिल्ला अधिकारीले आदेश जारी गरी लगाइएको कर्फ्यूको अवधिलाई सोही अधिकारीले परिस्थिति अनुसार घटाउदै लगी स्थिति सामान्य भएपछि कर्फ्यू पूर्णतया हटाइनेछ ।

▶(६) प्रमुख जिल्ला अधिकारीले कर्फ्यूको आदेश दिएपछि त्यसको जानकारी मन्त्रालयलाई तुरुन्त दिनु पर्नेछ ।

❐६ख. दङ्गाग्रस्त क्षेत्र घोषित गर्न सक्ने : (१) कुनै क्षेत्रमा जुलुस, भीड वा संगठित समूहले हातहतियार समेत लिई वा नलिई लुटपिट गर्ने, घर वा पसलमा आगो लगाउने, सार्वजनिक सम्पत्ति तोडफोड गर्ने जस्ता हिंसात्मक वा विध्वंसात्मक कार्य गर्ने स्थिति देखिएमा र यसको रोकथाम सामान्य प्रहरी कारबाहीद्वारा हुन सक्दैन भन्ने लागेमा ➔……….. प्रमुख जिल्ला अधिकारीले उक्त क्षेत्रलाई दङ्गाग्रस्त घोषित गर्न सक्नेछ । यसरी दङ्गाग्रस्त क्षेत्र घोषित गरेपछि सो क्षेत्रको शान्ति सुव्यवस्था कायम गर्न ▶प्रमुख जिल्ला अधिकारीले देहाय बमोजिमको कुनै वा सबै कारबाही गर्न सक्नेछ :-

(क) त्यस्तो क्षेत्रमा शङ्कास्पद व्यक्तिहरुलाई पक्राउ पूर्जी बिना पक्राउ गर्ने र ▶सार्वजनिक सुरक्षा ऐन, २०४६ बमोजिम नजरबन्दमा राख्ने,

---

▶ तेस्रो संशोधनद्वारा संशोधित ।
➔ तेस्रो संशोधनद्वारा झिकिएको ।
❐ दोस्रो संशोधनद्वारा थप ।
➔ तेस्रो संशोधनद्वारा झिकिएको ।
▶ तेस्रो संशोधनद्वारा संशोधित ।

(ख) त्यस्तो क्षेत्रमा लुटपीट गर्ने तथा घर वा पसलमा आगो लगाउने सार्वजनिक सम्पत्ति तोडफोड गर्ने वा अन्य किसिमका हिंसात्मक वा विध्वंसात्मक कार्य गर्ने व्यक्तिलाई देखने वित्तिकै गोली प्रहार गर्ने,

(ग) त्यस्तो क्षेत्रमा कुनै प्रकारको भेला, जुलुस, सभा, बैठक वा प्रदर्शन वा पोष्टर, पर्चा जस्ता प्रचार सामाग्री टाँस्न वा लेख्न निषेध गर्ने,

(घ) त्यस्तो क्षेत्रमा अत्यावश्यक वस्तुहरुको आपूर्तिको व्यवस्था मिलाउने, त्यस्ता वस्तुहरुको परिवहन, संचय, बिक्री-वितरणमा नियन्त्रण गर्ने,

(ङ) त्यस्तो क्षेत्रमा शिक्षण संस्था लगायत अन्य कुनै संस्था, मनोरन्जन केन्द्र र कार्यालय बन्द गराउने,

(च) त्यस्तो क्षेत्रमा आवश्यक सेवा सञ्चालन ऐन, २०१४ बमोजिम कुनै आवश्यक सेवामा हडताल गर्न निषेध गर्ने,

(छ) त्यस्तो क्षेत्रमा पाँचजना वा सो भन्दा बढी व्यक्तिहरु जम्मा हुन निषेध गर्ने,

(ज) त्यस्तो क्षेत्रमा कर्फ्यू लगाउने,

(झ) त्यस्तो क्षेत्रमा उपरोक्त कार्यहरुको लागि आवश्यक देखेमा नेपाली सेनाको सहयोग लिने ।

(२) दङ्गाग्रस्त क्षेत्रमा अवैध हातहतियार एवं खरखजाना राखेको छ भन्ने शङ्का लागेमा ▶प्रमुख जिल्ला अधिकारीको आदेशले त्यस्तो क्षेत्रमा रहेको जुनसुकै व्यक्तिको घर, पसल, कम्पाउण्ड वा गोदाम आदिमा पूर्व सूचना नदिइकनै घटीमा प्रहरी सहायक निरीक्षकसम्मका दर्जाका प्रहरी कर्मचारीले खानतलासी गर्न सक्नेछ ।

▶(३) उपदफा (१) बमोजिम दङ्गाग्रस्त क्षेत्र घोषित गर्दा प्रमुख जिल्ला अधिकारीले एक पटकमा बढीमा एक महीनासम्मको अवधिका लागि मात्र घोषित गर्न सक्नेछ । उक्त अवधि बढाउन परेमा प्रमुख जिल्ला अधिकारीले नेपाल सरकार, मन्त्रालयको स्वीकृति लिई सो अवधिलाई थप तीन महीनासम्म बढाउन सक्नेछ ।

---

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

(४) प्रमुख जिल्ला अधिकारीले दङ्गाग्रस्त क्षेत्र घोषित गरेको जानकारी मन्त्रालयलाई तुरुन्त दिनु पर्नेछ ।

(५) उपदफा (१) को खण्ड (ङ) वा (छ) उल्लङ्घन गर्ने वा उपदफा (२) बमोजिम खानतलासी लिंदा बाधा विरोध गर्ने व्यक्तिलाई ▶प्रमुख जिल्ला अधिकारीले उपयुक्त सम्झेको संक्षिप्त कार्यविधि अपनाई तीन महीनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय गर्न सक्नेछ र उक्त सजायको आदेश उपर *f*जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

*६ग. सार्वजनिक सेवा वा सडकमा अवरोध गर्न वा कुनै घर वा सवारी साधन तोडफोड गर्न नहुने : (१) कसैले पनि देहायको काम गर्न गराउन हुँदैन :-

(क) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सार्वजनिक सडकमा चक्काजाम गरी वा अन्य कुनै प्रकारले त्यस्तो सडक सुचारुरुपमा सञ्चालन गर्न बाधा व्यवधान खडा गर्न,

(ख) सरकारी, सार्वजनिक वा व्यक्तिगत सवारी साधन, घर वा सम्पत्ति तोडफोड, आगजनी वा लुटपाट गरी क्षति पुऱ्याउन वा त्यस्तो सवारी साधन वा घर जग्गामा जवर्जस्ती प्रवेश गर्न वा त्यस्तो सवारी साधन, घर वा सम्पत्ति कब्जामा लिन, र

(ग) सरकारी तथा सार्वजनिक निकाय र शिक्षण संस्थामा तालाबन्दी जस्ता कुनै कार्य गरी अवरोध पुऱ्याउन ।

(२) कसैले उपदफा (१) बमोजिमको कुनै काम गरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई कसूरको प्रकृति हेरी दश हजार रुपैयाँसम्म जरिबाना वा छ महीनासम्म कैद वा दुवै सजाय गर्न र निजले गरेको हानि नोक्सानीको बिगो निजबाट असुल गरी निजलाई बिगो बमोजिम जरिबाना समेत गर्न सक्नेछ ।

(३) प्रमुख जिल्ला अधिकारीले यस दफा बमोजिम कारबाही गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनेछ ।

(४) उपदफा (२) बमोजिम प्रमुख जिल्ला अधिकारीले गरेको सजाय उपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र सम्बन्धित *f*जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

---

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

*f* केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

* केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ द्वारा थप ।



कानून व्यवसायी तथा नागरिक ...

▶७. प्रहरी कर्मचारी सम्बन्धी अधिकार र कर्तव्य : (१) प्रमुख जिल्ला अधिकारी जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय र प्रहरी चौकी समेत ठीक अवस्थामा रहे नरहेको, प्रहरी कर्मचारी र अधिकृत जवानहरुले कानून बमोजिम काम कारबाई गरे नगरेको भन्ने कुराको आवश्यक जाँचबुझ गरी सो सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय र प्रहरी चौकी समेतमा घटीमा कमसेकम वर्षको एक पटक अनिवार्य रुपमा निरीक्षण गर्नु पर्नेछ । त्यसको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(ख) प्रहरी अधिकृतहरुको नेकीवदी र कार्य सम्पादनको प्रतिवेदन प्रत्येक वर्ष पौष मसान्त र आषाढ मसान्तमा वर्षको दुई पटक मन्त्रालयमा पठाउनु पर्नेछ ।

(ग) जिल्लाको प्रहरी सम्बन्धी कुनै कामको बन्दोवस्त गर्नु पर्ने देखिन आएमा आफ्नो राय समेत प्रमुख जिल्ला अधिकारीले मन्त्रालयमा लेखी पठाउनु पर्नेछ ।

(घ) प्रहरी कर्मचारीले आफ्नो कर्तव्य पालन गर्दा कानून बिपरीत कार्य गरेको आधारमा कसैले उजूर गरेमा आवश्यक छानबिन गरी आफ्नो सिफारिस एवं राय सहित आवश्यक कारबाईको लागि मन्त्रालयमा प्रतिवेदन प्रस्तुत गर्नु पर्नेछ ।

८. मुद्दा मामिला र पुनरावेदन सम्बन्धी अधिकार : (१) देहायका मुद्दाहरुमा शुरु कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीको हुनेछ :-

▶(क) पाँच सय रुपैयाँसम्म बिगो भएको साधारण चोरी मुद्दा,

(ख) बगलीमारा मुद्दा,

(ग) ☒ ... ... ...

(घ) नपुग नाप तौल प्रयोग गरी ठगेको मुद्दा,

(ङ) चली आएको देवी देवताको स्थानमा बाहेक स्त्रीजाती चौपाया मारेको सम्बन्धी मुद्दा ।

---

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

☒ कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ द्वारा खारेज ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) उपदफा (१) अन्तर्गतका पटके नजनिने मुद्दामा बढीमा ▶पाँच सय रुपैयाँ सम्म जरिबाना गरी छिनेको प्रमुख जिल्ला अधिकारीको निर्णय अन्तिम हुनेछ र निजको निर्णय उपर पुनरावेदन लाग्ने छैन । ▶पाँच सय रुपैयाँ भन्दा बढी जरिबाना गरी छिनेको वा पटके जनिने मुद्दामा निजको निर्णय उपर पैंतीस दिनभित्र *f*जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

(३) प्रमुख जिल्ला अधिकारीले आफूकहाँ परेको उजूरीहरुको सिलसिलामा कुनै स्त्री वा नाबालकको धन सुरक्षित साथ राख्न लगाउन आवश्यक देखेमा ▶नगरपालिका वा *f*गाउँपालिकाको सहयोग लिई सो धन जिल्लाका कुनै गण्यमान्य व्यक्ति वा सरकारी कार्यालयको जिम्मामा सुरक्षित राख्न लगाउन सन्नेछ ।

(४) ⏀ ... ... ...

(५) ⏀ ... ... ...

(६) ➔.......... प्रमुख जिल्ला अधिकारीले यो ऐन वा प्रचलित नेपाल कानून बमोजिम मुद्दा मामिलाहरुको कारबाही र किनारा गर्दा जुन ऐन अन्तर्गत मुद्दा मामिलाको कारबाही र किनारा गर्ने हो सो ऐन समेत उल्लेख गरी प्रचलित नेपाल कानून बमोजिमको म्यादभित्र कारबाही र किनारा गर्नु पर्दछ ।

९. प्रमुख जिल्ला अधिकारीको अन्य काम, कर्तव्य र अधिकार : (१) अम्मल खाई सार्वजनिक स्थानमा वसेर लापरवाहीसाथ बोली हिड्ने वा जथाभावी गर्ने व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले पक्रन लगाई अम्मलले नछाडेसम्म थुन्न सक्नेछ र अम्मलले छाडेपछि निजलाइ मौखिक नसिहत दिन र फेरि पनि सोही कसूर गरेमा निजलाई पटकै पिच्छे बढीमा αएक हजार रुपैयाँसम्म सम्म जरिबाना गर्न सकनेछ ।

θ(२) बेवारिसी मालसामान फेला परेमा प्रमुख जिल्ला अधिकारीले जाँचबुझ गर्दा नेपाल सरकारलाई कुनै रकम तिर्नु पर्ने ठहरिएको व्यक्तिको मालसामान भएमा सो कार्यान्वित गर्न चाहिने जति मालसामान बिक्री गरी सरकारी कोषमा दाखिला गर्नु पर्नेछ ।"

---

➔ तेस्रो संशोधनद्वारा झिकिएको ।

*f* केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

⏀ न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ द्वारा खारेज ।

α चौंथो संशोधनद्धारा संशोधित ।

θ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित ।

◊(२क) उपदफा (२) बमोजिमको मालसामान कुनै साहुको भएमा साहुलाई र सो बाहेक अन्य मालसामान भए धनी फेला परे धनीलाई र धनी फेला नपरे जसको घर जग्गामा फेला परेको छ उसैलाई दिनु पर्नेछ ।

तर सार्वजनिक स्थानमा कुनै वस्तु फेला परेमा स्थानीय निकायमा बुझाई दिनु पर्नेछ ।

◊(२ख) उपदफा (२क) बमोजिम मालसामान दिंदा फेला पार्नेले मालसामान पाउने भए त्यस्तो मालसामानको मूल्य कायम गरी सयकडा बीस सरकारी खातामा जम्मा गर्नु पर्नेछ र फेला पार्नेले मालसामान नपाउने भए फेला पार्नेलाई मालसामान प्राप्त गर्नेले सयकडा दश दिनु पर्नेछ ।

(३) सरकारी वा आफ्ना घरायसी काममा कुनै सरकारी कर्मचारीले कसैलाई पनि बिना पारिश्रमिक करकापले काम गर्न लगाएमा प्रमुख जिल्ला अधिकारीले निज उपर प्रचलित नेपाल कानून बमोजिम कारबाही चलाउन वा निजामती सेवा नियमावली अनुसार विभागीय कारबाहीको लागि सम्बन्धित विभागीय प्रमुख समक्ष लेखी पठाउन सक्नेछ ।

(४) प्रमुख जिल्ला अधिकारीले बाघ, चितुवा वा अन्य हिंसक जनावरले आफ्ना जिल्लाभित्रका कुनै ठाउँमा दु:ख दिएको कुरा ▶नगरपालिका वा *f*गाउँपालिकाले प्रतिवेदन गरेमा सो जनावरलाई मार्न लगाई छाला एंव शरीरका अन्य भाग सम्बन्धित वन कार्यालयमा बुझाई दिन वा ⊕नेपाल सरकारको वन तथा वातावरण मन्त्रालयले निर्देशन दिए बमोजिम गर्नु पर्दछ ।

(५) कसैले कुनै मालसामान बिक्री गर्दा अनुचित नाफा खाई नाजायज फाइदा उठाएमा त्यस्तो बिक्रेतालाई खरीद बिक्री भएको मालसामानको परिमाण र मोलको बिचार गरी प्रमुख जिल्ला अधिकारीले ▶एक हजार रुपैयाँसम्म जरिबाना वा तीन महीनासम्म कैद गर्न वा दुवै सजाय गर्न सक्नेछ । प्रमुख जिल्ला अधिकारीले दिएको सजायमा चित्त नबुझ्ने व्यक्तिले पैतीस दिनभित्र *f*जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

---

◊ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा थप ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

*f* केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

⊕ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

(६) प्रमुख जिल्ला अधिकारीले आफ्नो जिल्लाभित्रको सार्वजनिक धारा, कुवा, पोखरी, पंधेरो, पाटी, पौवा, सत्तल धर्मशाला, मन्दिर, गुफा, पुल आदिको लगत लिई राख्नु पर्छ र भत्की बिग्री, नोक्सान हुन लागेमा त्यस्को धनी, वारिस ▶नगरपालिका वा *f*गाउँपालिका वा गुठी संस्थानद्वारा मरमत गर्न लगाउनु पर्दछ ।

➢(६क) सरकारी जग्गा θसार्वजनिक जग्गा वा सामुदायिक जग्गामा आफ्नो हक कायम नभै कसैले घर बनाउन हुँदैन । कसैले त्यस्तो जग्गामा घर बनाएमा वा बनाउन प्रयत्न गरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई घर बनाउन रोक्का गर्ने आदेश दिन सक्नेछ । त्यस्तो आदेश दिंदा घर बनाई सकेको वा बनाई रहेको भए एक महीनाभित्र घर भत्काई लैजान समेत आदेश दिन सक्नेछ । सो म्यादभित्र घर भत्काई नलगेमा त्यस्तो घर बनाउनेलाई प्रमुख जिल्ला अधिकारीले पाँच हजार रुपैयाँसम्म जरिबाना गरी त्यस्तो घर भत्काउन सक्नेछ र त्यसरी घर भत्काउँदा लागेको खर्च समेत सम्बन्धित व्यक्तिबाट असुल गर्न सक्नेछ ।

स्पष्टीकरण :

(१) यस उपदफाको प्रयोजनको लागि सार्वजनिक जग्गा भन्नाले परापूर्व देखि हिंडी आएको बाटो, सडक, गौचर, पानीघाट, चिहान, मसानघाट, कुवा, सार्वजनिक पोखरी, पोखरीको डिल, खाने पानीको मूल, गाई बस्तु निकाल्ने निकास, हाट मेला लाग्ने ठाउँ सार्वजनिक मनोरन्जन र खेलकुद गर्ने ठाउँ त्यस्तै सार्वजनिक रुपमा चलन भई आएको वा संधिसर्पन पर्ने जग्गा र नेपाल सरकारले कमौट नगर्नु भनी बझ्याइएको वा रोक्का राखिएको जग्गालाई जनाउँदछ ।

(२) यस उपदफाको प्रयोजनको लागि घर भन्नाले खर, फुस वा टिनको छाना भएको वा नभएको छाप्रो र कच्ची बनौटलाई समेत जनाउँदछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

*f* केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

➢ केही नेपाल ऐन (संशोधन) ऐन, २०४३ द्वारा थप ।

θ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित ।

θ(७) मानसिक सन्तुलन गुमाएको कुनै व्यक्तिलाई नियन्त्रण नगरी त्यसै छाडा राखेमा कुनै व्यक्ति वा समाजलाई खतरा हुन्छ भन्ने लागेमा प्रमुख जिल्ला अधिकारीले निजको संरक्षक वा माथवर भए संरक्षक वा माथवर जिम्मा लगाउनु पर्नेछ र संरक्षक वा माथवर नभए निजलाई नजिकको अस्पतालमा राखी औषधि उपचारको व्यवस्था गर्नु पर्नेछ ।

(८) कसैलाई कसैसंगको नाताको प्रमाणपत्र चाहियो भनी प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिन आएमा प्रमुख जिल्ला अधिकारीले जाँची बुझी ठीक ठहरेमा पाँच रुपैयाँ दस्तुर लिई आवश्यक प्रमाणपत्र दिन सक्नेछ ।

▶(९) उपदफा (१) र (७) ले दिएको अधिकार प्रयोग गरी प्रमुख जिल्ला अधिकारीले गरेको काम कारबाहीको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश भएको पैंतीस दिनभित्र f<u>जिल्ला अदालत</u>मा उजूर गर्न सक्नेछ ।

📖(१०) परम्परा देखि चलिआएको धार्मिक पूजा आजा चलाउनु पर्ने अवस्थामा बाहेक बुद्ध जयन्ती, कृष्ण जनमाष्टमी, महाशिवरात्री, रामनवमी र एकादशीको पर्वको दिन वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी पशु पंक्षी वध गर्न मनाही गरी तोकिदिएको धार्मिक स्थलमा कसैले पशु पंक्षीको बध गरेमा प्रमुख जिल्ला अधिकारीले निजलाई ▶<u>पाँचसय रुपैयाँसम्म</u> जरिबाना गर्न सक्नेछ र प्रमुख जिल्ला अधिकारीको त्यस्तो जरिबानाको आदेश उपर पुनरावेदन लाग्ने छैन ।

❐(११) ▶<u>नगरपालिका</u> क्षेत्रभित्र कसैले गाईबस्तुलाई सडकमा छाडा छोड्न हुँदैन र त्यसरी कसैले गाई वस्तुलाई सडकमा छाडा छोडेमा र त्यस्तो छाडा गाई वस्तुलाई सम्बन्धित ▶<u>नगरपालिकाले</u> पक्री नथुनेको अवस्थामा प्रमुख जिल्ला अधिकारीले त्यस्तो गाई वस्तुलाई पक्री निजले उपयुक्त सम्झेको तरिका अपनाई लिलाम बिक्री गर्नु पर्नेछ र लिलाम बिक्रीबाट आएको रकम f<u>गाउँपालिका वा नगरपालिकाको कोषमा</u> दाखिला गर्नु पर्नेछ । लिलाम बिक्री हुँदा कसैले नसकारेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो गाई वस्तुलाई गाई वस्तुको धनी बाहेक अरु कसैलाई बिना मोल हस्तान्तरण गर्न सक्नेछ ।

<u>स्पष्टीकरण</u> : यस उपदफाको प्रयोजनको लागि,-

---

θ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

f केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

📖 पहिलो संशोधनद्वारा थप ।

❐ दोस्रो संशोधनद्वारा थप ।

(१) "गाई वस्तु" भन्नाले गोरु, भैसी, राँगा, घोडा, भेडा र बाख्रा समेतलाई जनाउनेछ ।

(२) "छाडा गाई वस्तु" भन्नाले गाई वस्तुको धनीले गोठाला वा अरु कुनै व्यक्ति नलगाई सडक बाटोमा छोडिराखेको गाई वस्तु सम्झनु पर्छ ।

❐(१२) उपदफा (११) उल्लंघन गर्ने गाई वस्तुको धनीलाई प्रमुख जिल्ला अधिकारीको आदेशले ➢दुई सय रुपैयाँसम्म जरिबाना हुनेछ र उक्त सजायको आदेश उपर *f*जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

तर छाडा गाई बस्तुको धनीले पुनरावदेन सुन्ने अदालतबाट सफाई पाए पनि उपदफा (११) बमोजिम छाडा गाई वस्तुको लिलाम वा हस्तान्तरण भईसकेको कुरामा सो अदालतको फैसलाले कुनै प्रतिकूल असर पारेको मानिने छैन ।

१०. ■...............

⬟१०क. सार्वजनिक सम्पत्तिको अभिलेख : (१) सर्भे नापी नक्साबाट वा लालमोहर, खड्ग निशाना, ताम्रपत्र, शिलापत्र वा त्यस्तै आधिकारीक लिखतबाट देखिएका सार्वजनिक जग्गा, पाटी, पौवा, सत्तल, पार्क, पोखरी, कुवा, गौचर, निकास इत्यादिका लगत प्रमुख जिल्ला अधिकारीको कार्यालयले तैयार गरी त्यसको अभिलेख राखी त्यसको एक एक प्रतिलिपि मालपोत कार्यालय र *f*गाउँपालिका वा नगरपालिकाको कार्यालयलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) मा उल्लिखित सार्वजनिक जग्गा, पाटी, पौवा, सत्तल, पार्क, पोखरी, कुवा, गौचर निकास इत्यादि नेपाल सरकारको पूर्व स्वीकृति नलिई कसैले आवाद गर्न वा आवाद गर्ने अनुमति दिनु हुँदैन । आवाद गरेमा वा गर्न अनुमति दिएमा सो गर्न वा गर्ने अनुमति दिने व्यक्तिलाई बिगो बमोजिम जरिबाना वा तीन महीनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(३) कुनै सार्वजनिक जग्गा, पाटी, पौवा, सत्तल, पार्क, पोखरी, कुवा, गौचर, निकास इत्यादि कसैले दर्ता गराएको रहेछ भने सो दर्ता बदर हुनेछ । सो बमोजिम दर्ता बदर गराउन कुनै हद म्याद हुने छैन ।

---

❐ दोस्रो संशोधनद्वारा थप ।

➢ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा उपदफा (१२) मा रहेका "दुई सय रुपैयाँ" भन्ने शब्दहरूको सट्टा "तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँ" राख्ने गरी संशोधन गरिएकोमा सो ऐन मिति २०७५।५।१ देखि प्रारम्भ हुने ।

*f* केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

■ केही नेपाल ऐन (संशोधन) ऐन, २०४१ द्वारा खारेज ।

⬟ केही नेपाल ऐन (संशोधन) ऐन, २०४३ द्वारा थप ।

## परिच्छेद -४

## विविध

११. अधिकार प्रत्यायोजन : (१) अदालत बाहेक अन्य कुनै अधिकारी वा संस्थालाई यो ऐन वा अन्य कुनै प्रचलित नेपाल कानून बमोजिम प्राप्त भइरहेको अधिकारहरु मध्ये सबै वा केही नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सम्बन्धित }............., नगरपालिका, f गाउँपालिका वा अन्य कुनै अधिकारीले प्रयोग गर्न पाउने गरी प्रदान गर्न सक्नेछ ।

➔(२) ... ... ...

➔(३) ... ... ...

❖(३क) यो ऐन वा अन्य प्रचलित कानून बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये सबै वा केही अधिकार ⊕मन्त्रालयले प्रदेश मन्त्रालयको निजामती सेवाको कुनै पदाधिकारी, प्रमुख जिल्ला अधिकारी वा आफ्नो मातहतका कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ र यसरी अधिकार प्रत्यायोजन गरेको सूचना मन्त्रालयलाई तुरुन्त दिनु पर्नेछ ।

(४) यो ऐन वा अन्य प्रचलित नेपाल कानून बमोजिम आफूलाई प्राप्त भएको अधिकारहरु मध्ये सबै वा केही अधिकारहरु प्रमुख जिल्ला अधिकारीले आफ्नो मातहतको कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ र यसरी अधिकार प्रत्यायोजन गरेको सूचना मन्त्रालयलाई तुरुन्त दिनु पर्नेछ ।

तर प्रमुख जिल्ला अधिकारीले मुद्दा हेर्ने अधिकार प्रत्यायोजन गर्न सक्ने छैन ।

१२. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वित गर्नका लागि नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

▶१३. मुद्दा सर्ने : प्रचलित नेपाल कानून बमोजिम तत्कालिन अञ्चलाधीश समक्ष दायर भै छिन्न बाँकी रहेका मुद्दाहरु मध्ये पुनरावेदन तहका मुद्दाहरु

---

} केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा झिकिएको ।

f केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

➔ तेस्रो संशोधनद्वारा झिकिएको ।

❖ चौथो संशोधनद्वारा थप ।

⊕ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

सम्बन्धित [f]जिल्ला अदालतमा र अन्य मुद्दाहरु सम्बन्धित प्रमुख जिल्ला अधिकारी कहाँ सर्नेछन् ।

१४. बचाउ : यो ऐन वा यस ऐन अन्तर्गतको नियममा लेखिएको कुरामा सोही बमोजिम र अरुमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

१५. खारेज : देहायका नेपाल कानूनहरु खारेज गरिएको छ :-

(क) स्थानीय प्रशासन ऐन, २०२२

(ख) मधेश गोश्वरा ऐन, २०१२

(ग) काठमाण्डौ उपत्यकान्चल कमिश्नर मेजिष्ट्रेटको सवाल, २००९

(घ) गौडा गोश्वारा सम्बन्धी प्रशासन (सामाजिक व्यवस्था) ऐन, २०१९

(ङ) मधेश गोश्वरा ऐन, २०१२ (पहाडतर्फ समेत) लागू गर्ने ऐन, २०१४

१६. स्थानीय प्रशासन अध्यादेश २०२८ निष्क्रिय भएपछि त्यसको परिणाम : स्थानीय प्रशासन अध्यादेश, २०२८ निष्क्रीय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रीयताले :-

(क) निष्क्रीय हुँदाको बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघिनै गरिएको कुनै काम वा भोगी सकेको कुनै सजायलाई असर पार्ने छैन,

(ग) सो अध्यादेश बमोजिम पाएका, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(घ) सो अध्यादेश विरुद्ध गरेको कुनै अपराधमा गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन, र

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व, दण्ड सजाय वा जफत सम्बन्धमा भएको कुनै कानूनी कारबाही वा उपायमा असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारबाही वा

f केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

उपायलाई शुरु गर्न, जारी राख्न वा लागू गर्न सकिनेछ र त्यस्तो दण्ड सजाय पनि गर्न सकिनेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

---

द्रष्टव्य : (१) स्थानीय प्रशासन (चौथो संशोधन) ऐन, २०५८ को दफा १४ देहाय बमोजिम रहेको छ :-

१४. बचाउ: मिति २०५७ साल माघ ९ गते जारी भएको स्थानीय प्रशासन (चौथो संशोधन) अध्यादेश, २०५७ बमोजिम भए गरेको काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(२) रुपान्तर

(क) स्थानीय प्रशासन (तेस्रो संशोधन) ऐन, २०४८ द्वारा रुपान्तर भएका शब्दहरु :-
"जिल्ला कार्यालय" को सट्टा "जिल्ला प्रशासन कार्यालय" ।

(ख) सैनिक ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :-
"शाही नेपाली सेना" को सट्टा "नेपाली सेना" ।

(ग) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

(घ) न्याय प्रशासन ऐन, २०७३ द्वारा रुपान्तर गरिएका शब्दहरु :-
"पुनरावेदन अदालत" को सट्टा "उच्च अदालत" ।

(ङ) केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा रुपान्तर गरिएका शब्दहरु :-
"गृह मन्त्रालय" र "क्षेत्रीय प्रशासक र गृह मन्त्रालय" को सट्टा "मन्त्रालय" ।

## [ϒ]अनुसूची

............................

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

ϒ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा खारेज ।